व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

## नदिपुर, पोखरा

## गण्डकी प्रदेश, नेपाल

चौमासिक बुलेटिन
वर्ष-१, अङ्क-१
२०७७ श्रावण-कार्तिक

फोन नं..०६१-५२१०८०, ५२०१४६ इमेलः academy.gandaki@gmail.com वेभसाइट : www.gpta.org.np

### यस अंकमा .....

**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको गतिविधिहरू**

- प्रतिष्ठानको रणनैतिक योजना तयार
- बार्षिक प्रगति प्रतिवेदन प्रकाशन
- प्रतिष्ठानको संस्थागत क्षमता लेखाजोखा
- अन्तर सरकार सम्बन्ध विषयक अन्तर्राष्ट्रिय अनुभव आदान-प्रदान
- आइ.एस.ओ. प्रमाणिकरण कार्यान्वयन सम्बन्धी अभिमुखिकरण
- स्थानीय तहका कर्मचारीहरूका लागि क्षमता विकास तालिम
- प्रशिक्षण सामग्री (मोड्युल) निर्माण

**प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)**

- मन्त्रिपरिषद्मा पेश गर्ने (क्याबिनेट) प्रस्ताव लेखन सम्बन्धी तालिम
- वित्तीय अनुशासन सम्बन्धी तालिम
- सेवा प्रवाहमा कोभिड संवेदनशिलता सम्बन्धी अभिमुखिकरण
- तालिम पाठ्यक्रम निर्माण


## प्रतिष्ठानको रणनैतिक योजना तयार




गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले आफ्नो पहिलो पाँच बर्षे रणनैतिक योजना (२०७७/७८ – २०८१/८२) तर्जुमा गरेको छ । "व्यवहारमा परिवर्तन, कार्य सम्पादनमा सुधार" को मूल नारा लिएर "सक्षम र सुशासनयुक्त प्रदेश सरकार र स्थानीय तहका लागि उत्कृष्ट प्रतिष्ठान" बनाउने दीर्घकालीन सोंच राखेको यस प्रतिष्ठानले योजना अवधिमा मूलतः चार वटा क्षेत्र (१) प्रशिक्षण तथा क्षमता विकास, (२) अध्ययन तथा अनुसन्धान, (३) संस्थागत विकास, र (४) भौतिक पूर्वाधार विकासमा केन्द्रित रहेर प्राथमिकताका आधारमा कार्यक्रम सञ्चालन गर्ने मार्गचित्र तय गरेको छ। योजनाको पाँच बर्षलाई विभिन्न "वर्ष कार्यक्रम" का रूपमा अगाडि बढाउने रणनीति अवलम्बन गरेको छ, जस अनुसार यस चालु आ.व. पूर्वाधार तयारीको वर्ष, दोस्रो वर्ष संस्थागत विकासको वर्ष, तेस्रो बर्ष कार्यक्रम कार्यान्वयनको वर्ष, चौथो बर्ष समन्वय साझेदारी निर्माणको वर्ष, र अन्तिम बर्षलाई दीगोपना र आत्मनिर्भरताको वर्षका रूपमा कार्यान्वयन गर्ने लक्ष्य लिएको छ ।


## प्रतिष्ठानको संस्थागत क्षमता लेखाजोखा

पेशागत दक्षता, इमानदारिता र नवप्रवर्तनलाई गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले संस्थागत मान्यताका रूपमा अगाडि सारेको छ । प्रतिष्ठानमा कार्यरत मावन संसाधनको सक्षमता लेखाजोखा गरी संस्थाका कर्मचारी हरूको हालको वास्तविक क्षमताको अवस्था पत्ता लगाई आगामी पाँच बर्षमा संस्थाको अपेक्षित सक्षमताको स्तर निर्धारण गर्ने काम सम्पन्न भएको छ। प्रशिक्षण सम्बन्धी आवश्यकता पहिचान, प्रशिक्षण कार्यक्रमको विकास, प्रशिक्षण सहजीकरण, ज्ञान व्यवस्थापन र कार्यक्रम व्यवस्थापन गरी मुख्य पाँच वटा आधारमा विभाजन गरी हरेकको ४ वटा सूचकहरू निर्धारण गरेर गत असोजमा संस्थामा कार्यरत पेशागत तहका सबै कर्मचारी हरूको सक्षमता लेखाजोखा गर्ने काम सम्पन्न भयो । हरेक सूचक र समग्र औषतमा अधिकतम अपेक्षित स्तर ५ बिन्दु राखिएको उक्त लेखाजोखाबाट संस्थाको हालको अवस्था पहिचान गरी आगामी पाँच बर्षमा कर्मचारी र समग्र संस्थाको सक्षमताको स्तर निर्धारण गरी व्यक्तिगत र संस्थागत कार्ययोजना तयार गरिएको छ ।




**बिशेष** *सवाल केन्द्रित संवाद*

## अन्तर-सरकार सम्बन्ध विषयक अन्तर्राष्ट्रिय अनुभव आदान-प्रदान




संघीय मूलकका विभिन्न तहको सरकारहरूबीचको अन्तर सम्बन्ध र संघीयताको कार्यान्वयनको विषयमा अन्तर्राष्ट्रिय अनुभव र सीकाई आदान प्रदान गर्ने उद्देश्यले प्रतिष्ठानले फोरम अफ फेडेरेशन सँगको सहकार्य (आर्थिक तथा प्राविधिक सहयोग) मा असोज १४ गते भर्चुअल कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा द्वन्द समाधान र अन्तर सरकार सम्बन्धका बारेमा स्पेनको अनुभव, प्रादेशिक नेतृत्व र अन्तर सरकार सम्बन्धका बारेमा अष्ट्रेलियाको अनुभव तथा विकास योजना र अन्तर सरकार सम्बन्ध एवम् समन्वयका बारेमा दक्षिण अफ्रिकाको अनुभव प्रस्तुत भएको थियो। संघीयतामा अन्तर सरकार सम्बन्धका विज्ञ डा. सान्ड्रा लियोन (स्पेन), ज्यासन ताबारिस (अष्ट्रेलिया) र रूबेन बाट्जीज (दक्षिण अफ्रिका) ले कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा अन्तर सरकार सम्बन्धसँग सम्बन्धित समस्या, चुनौति, प्रभावकारी कार्यान्वयनका उपाय र प्रदेश सरकारको भूमिकाका विषयमा प्रश्नोत्तर तथा अन्तरक्रिया भएको थियो।

माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको प्रमुख आतिथ्यतामा सञ्चालित उक्त कार्यक्रममा प्रदेशका मन्त्रीहरू, प्रमुखसचिव, गण्डकी विश्वविद्यालयका कुलपति, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, सदस्यहरू, मुख्य न्यायधिवक्ता, प्रदेश सचिवहरू, संविधानविद्, फोरम अफ फेडेरेशन, दि एशिया फाउण्डेशन र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका प्रमुख तथा प्रतिनिधिहरू र पि.एल.जि.एस.पि. (गण्डकी) का कर्मचारी हरूको सहभागिता रहेको थियो। कार्यक्रमका प्रमुख अतिथि मा. मुख्यमन्त्रीले अन्तर सरकार समन्वय सम्बन्धमा नेपालमा भएको संवैधानिक र कानूनी प्रावधान, अन्तर सरकार द्वन्दका सवालहरू, गण्डकी प्रदेश सरकारले गरेको पहल र आगामी दिनमा अवलम्बन गर्नुपर्ने कार्यहरूको बारेमा धारणा राख्नु भएको थियो ।

## क्षमता विकास तालिम सम्पन्न





स्थानीय तहमा सेवा प्रवेश गरी प्रशासन सेवामा कार्यरत चौथो र पाँचौ तहका कर्मचारीहरूका लागि ५ दिने ३ वटा क्षमता विकास तालिम सम्पन्न भएको छ। कोभिड महामारीको कारण भर्चुअल माध्यमबाट सञ्चालित तालिमहरू पहिलो असोज १९ गते देखि २३ गते सम्म, दास्रो असोज २९ गते देखि कार्तिक ३ गते सम्म र तेस्रो कार्तिक १९ गते देखि २३ गते सम्म आयोजना गरिएको थियो । पहिलो तालिममा ६ स्थानीय तहका ४३ जना कर्मचारी हरू (१९ जना महिला कर्मचारी सहित), दास्रो तालिममा ७ स्थानीय तहका ३८ जना कर्मचारीहरू (११ जना महिला कर्मचारी सहित) र तेस्रो तालिममा ११ स्थानीय तहका ४२ जना कर्मचारीहरू (१९ जना महिला कर्मचारी सहित) जुमबाट सहभागी भएका थिए ।

विशेष गरी वडा सचिव तथा प्रशासन फाँटमा कार्यरत कर्मचारीहरूका लागि तयार गरिएको यो कार्यालय सञ्चालन तथा व्यवस्थापन तालिममा जम्मा ५ वटा मोड्युल (कार्यालय व्यवस्थापन; स्थानीय तह सञ्चालन र व्यवस्थापन; स्थानीय तहको आर्थिक कार्यप्रणाली; सेवा प्रवाहरू सुशासन र सामाजिक जवाफदेहिता; र विकास व्यवस्थापन) मा विभाजन गरी प्रदान गरिएको थियो । यस तालिमबाट कर्मचारीहरूलाई स्थानीय तहमा रहेर कार्य सम्पादन गर्नु पर्ने विषय र त्यससँग सम्बन्धित कानूनी, नीतिगत र व्यवहारिक पक्षका बारेमा अभिमुखिकरण गराई उनीहरूको कार्यसम्पादनमा प्रभावकारिता ल्याउने र स्थानीय तहको सेवा प्रवाहलाई छिटोछरितो र जनमुखी बनाउन टेवा पुग्ने अपेक्षा गरिएको छ ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको चालु आ.व. को कार्यक्रम मध्येको यो कार्यक्रम सहभागीहरूको भौतिक उपस्थितिमा सञ्चालन गर्ने योजना भए तापनि कोभिड-१९ महामारीको कारण भर्चुअल माध्यमबाट सञ्चालन गरी जम्मा तीन वटा कार्यक्रमबाट १२० जना कर्मचारीहरूलाई प्रशिक्षित गरिएको छ । यस आ.व. को लक्ष्य हासिल भइसके पनि यस कार्यक्रमका लागि विनियोजित बजेट बाँकी रहेको र सेवा प्रवेशको तालिम नपाएका लक्षित कर्मचारीहरूको संख्या अझै रहेकाले प्रतिष्ठानले थप कार्यक्रम गर्ने योजना राखेको छ ।

## बार्षिक प्रगति प्रतिवेदन प्रकाशन





प्रतिष्ठानको औपचारिक सञ्चालन २०७६ फागुनबाट शुरू भए पछि २०७७ असार सम्म (गत आ.व. २०७६/७७) मा सम्पन्न भएका गतिविधि र चालु आ.व. २०७७/७८ को योजना समावेश गरी प्रतिष्ठानले बार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरेको छ। प्रतिवेदनमा प्रतिष्ठानको चिनारी का साथै संस्थागत सोंच, लक्ष्य, उद्देश्य, रणनीति, क्षेत्र र प्रतिष्ठानको प्रशिक्षण र अनुसन्धान व्यवस्थापन सम्बन्धी नीति समावेश गरिएको छ । पाठक तथा सरोकारवालाहरूको सहज पहुँचको लागि छपाईको साथै विद्युतिय स्वरुपमा (इ-कपी) प्रतिष्ठानको वेवसाइटमा राखिएको छ ।


## आइ. एस .ओ. प्रमाणिकरण सम्बन्धी अभिमुखिकरण

आइ.एस.ओ. प्रमाणिकरण सम्बन्धी प्रतिष्ठानका कर्मचारीहरूलाई भदौ २५ गते भर्चुअल माध्यमबाट अभिमुखिकरण गरिएको थियो । यसबाट प्रतिष्ठानलाई आइ.एस.ओ. ९००१ प्रमाण पत्र प्राप्त गर्नका लागि आवश्यक तयारी गर्न सहज हुने अपेक्षा गरिएको छ ।




## प्रशिक्षण सामग्री (मोड्युल) निर्माण




प्रतिष्ठानले स्थानीय तहका लागि विभिन्न किसिमका प्रशिक्षण कार्यक्रमहरू विकास गर्ने कार्य भइरहेको र ती प्रशिक्षणहरूलाई व्यवस्थित, स्तरीय र एकरुपता कायम गर्नका साथै सहजकर्ताहरूलाई स्पष्ट मार्गदर्शन गर्न सहयोग पुऱ्याउने उद्देश्यले प्रशिक्षण मोड्युलहरू तयार गर्न थालिएको छ । सार्वजनिक खरिद, स्थानीय आर्थिक विकास र स्थानीय तहको आन्तरिक राजस्व सुधार सम्बन्धी ३/३ दिने प्रशिक्षण सञ्चालन गर्न मोड्युलहरूको मस्यौदा तयार गरी त्यसमा पृष्ठपोषण दिई अन्तिम रुप दिने कार्य भइ रहेको छ। प्रतिष्ठानबाट सञ्चालन हुने प्रशिक्षण कार्यक्रमहरूका लागि प्रशिक्षण सामाग्रीहरू निर्माण गर्ने र ज्ञान व्यवस्थापनलाई प्रवर्द्धन गर्ने नीति बमोजिम यी मोड्युलहरूको निर्माण थालनी गरिएको हो भने प्रशिक्षण कार्यक्रम चक्रको एक अभिन्न चरणको रूपमा यी मोड्युलहरू तयार गर्ने गरिन्छ ।

## नविन अभ्यास

स्थानीय तहका कर्मचारीहरूका लागि यस प्रतिष्ठानले प्रदान गर्ने कार्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ५ दिने प्रशिक्षण कार्यक्रममा 'ज्ञान व्यवस्थापन' विषयलाई समेत समावेश गरिएको छ । स्थानीय तहमा अभिलेख व्यवस्थानका साथै ज्ञान, सीप, अनुभव र सीकाईलाई दीगो बनाउने र त्यसलाई संस्थागत हितको लागि उपयोग गर्ने वातावरण सिर्जना गर्न टेवा पुऱ्याउने उद्देश्यले यो बिषय समावेश गरिएको हो। प्रतिष्ठानले प्रदान गर्ने तालिममा यो विषयलाई प्राथमिकताका साथ समावेश गर्दै आएको छ भने भविश्यमा प्रतिष्ठानले आफ्नो छुट्टै ज्ञान केन्द्रको स्थापना गर्ने लक्ष्य लिएको छ।

## ज्ञान व्यवस्थापन: संक्षिप्त परिचय


नवराज नेपाली
(क्षमता विकास विज्ञ)




विभिन्न स्रोतहरूबाट जानकारी संकलन गर्नु र त्यसको प्रयोग गर्नु, संस्थाको मान/मान्यता बढाउन ज्ञानको पुनः प्रयोग र नयाँ ज्ञान सृजना, संस्थामा रहेको मानव स्रोत, प्रक्रिया, प्रविधि तथा संरचनाको व्यवस्थित तथा समन्वयात्मक परिचालन नै ज्ञान व्यवस्थापन हो । संस्थालाई जीवन्त राख्ने विभिन्न श्रोत मध्ये ज्ञान व्यवस्थापन पनि एक हो। काममा आधारित अनुभव, सूचना, जानकारी तथा सिकाईको माध्यमबाट नयाँ ज्ञानको सिर्जना गर्ने वा भइरहेको ज्ञानका क्षेत्रमा थप योगदान गर्ने, र सही-व्यक्तिलाई, सही-समयमा, सही-सञ्चार गर्नु नै ज्ञान व्यवस्थापन हो ।

नयाँ पाठ सिक्न र ज्ञान साझेदारी गर्न, विकास योजना कार्यान्वयनमा सुधार गर्न, नीति प्रक्रियाहरूलाई प्रभाव पार्न, संस्थाका गतिविधिहरूमा जागरूकता बढाउन, सम्पादित गतिविधीहरूको गुणस्तर बढाउन, लक्षित वर्गलाई क्रियाकलापहरू कार्यान्वयनमा प्रभावकारी सहभागिता अभिबृद्धि गर्न, आयोजना क्षेत्रका साझेदारहरू निर्माण गर्न, सफल अनुभवहरू प्रचार गर्न ज्ञान व्यवस्थापनले मुख्य भूमिका खेल्दछ। विभिन्न तालिम तथा सिकाई र अध्ययन, अध्यापनद्वारा बदलिँदो वातावरण अनुरुप कर्मचारीलाई ज्ञान दिने प्रयत्न गरिएको भए तापनि यसको कार्यान्वयन पक्ष कमजोर नै देखिन्छ। ज्ञान तथा सीपलाई लिपिबद्ध गरी दस्तावेजको रुपमा राख्न सकियो भने भोलि आउने पिंढीले त्यसबाट लाभ उठाउन सक्छन्। साथै विश्वव्यापीकरण तथा आधुनिक सूचना प्रविधिको विकास र प्रयोगले गर्दा ज्ञान व्यवस्थापन गर्न निकै सहज भएको छ।

## मन्त्रिपरिषद्मा पेश गरिने प्रस्ताव लेखन तालिम सम्पन्न




गण्डकी प्रदेश सरकारको मन्त्रिपरिषद्मा नीतिगत निर्णयका लागि पेश गरिने प्रस्ताव लेखन सम्बन्धी दुई दिने तालिम कार्यक्रम असोज ४ र ५ गते सम्पन्न भयो । मन्त्रिपरिषद्मा पेश गरिने प्रस्तावहरू गुणस्तरीय, निश्चित ढाँचा र मापदण्ड बमोजिम तयार गरी कर्मचारीको कार्यसम्पादनमा सुधार तथा मन्त्रिपरिषद्को निर्णय प्रक्रियामा सहजता एवम् प्रभाव कारिता आउने अपेक्षाका साथ संचालन गरिएको यस कार्यक्रमको समुद्घाटन माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङबाट भएको थियो भने प्रदेश सरकारका प्रमुख सचिव विष्णुप्रसाद नेपाल र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशकले सम्बोधन गर्नु भएको थियो ।

तालिममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेशका ६ वटै मन्त्रालयका जम्मा २४ जना अधिकृतहरू सहभागी भएका थिए, जसमध्ये ७ जना महिला सहभागीहरू र बाँकी १७ जना पुरूष सहभागीहरू थिए । प्रदेशका प्रमुख सचिव, सचिव र प्रस्ताव लेखन तथा निर्णय अभिलेखिकरणको अनुभव भएका उपसचिवहरूबाट सहभागीहरूलाई प्रशिक्षित गरिएको थियो । यस किसिमको तालिमको व्यवस्था मन्त्रालयका कर्मचारीहरूलाई अहिलेसम्म हुन नसकेको अवस्थामा तालिम पश्चात् मन्त्रिपरिषद्मा पेश हुने प्रस्ताव लेखनको जिम्मेवारीमा रहेका अधिकृतहरूको सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान-सीप अभिबृद्धि भई उनीहरूको कार्यदक्षतामा समेत सुधार आउने अपेक्षा गरिएको छ ।

मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँगको समन्वयमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले प्रदेश तथा नेपाल सरकारको स्थानीय शासन सहयोग कार्यक्रम (पि.एल.जि.एस.पि.) को आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालन हुने बार्षिक कार्यक्रम अन्तर्गत यो तालिम प्रतिष्ठान तथा पि.एल.जि.एस.पि.को ७ वटै प्रदेश सुशासन केन्द्रका यस बर्ष कार्यक्रमहरू मध्ये यो पहिलो कार्यक्रम समेत हो ।

## "सेवा प्रवाहमा कोभिड-१९ संवेदनशिलता" विषयक अभिमुखिकरण




वर्तमान कोभिड-१९ महामारीको समयमा सेवा प्रवाह गर्दा पालना गर्नु पर्ने स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र अपनाउनु पर्ने सजगता बारेमा सुसूचित गर्ने उद्देश्यले प्रदेश तहका कार्यालयहरूका कर्मचारीहरूका लागि "सेवा प्रवाहमा कोभिड-१९ संवेदनशिलता" विषयक अभिमुखिकरण कार्तिक २७ गते भर्चुअल माध्यमबाट आयोजना गरियो । गण्डकी प्रदेशका सातवटा मन्त्रालय सहित सेवाग्राहीहरूको उपस्थिति बढि हुने कार्यालयहरू मध्ये का जम्मा २३ कार्यालयका ७० जना सभागीहरूले भर्चुअल माध्यमबाट अभिमुखिकरणमा सहभागिता जनाएका थिए । सेवा प्रवाहका सिलसिलामा सेवाग्राहीसँग प्रत्यक्ष सम्पर्कमा रहनु पर्ने कर्मचारीहरूलाई कोभिड महामारी बाट आफू बच्न र अरूलाई बचाउन अपनाउनु पर्ने स्वास्थ्य सुरक्षा र सतर्कताको बारेमा ३ जना विषय विज्ञहरूबाट अभिमुखिकरण भएको थियो ।

## वित्तीय अनुशासन सम्बन्धी तालिम सम्पन्न



गण्डकी प्रदेश सरकारका सम्पूर्ण कार्यालयहरूमा वित्तीय कारोबारलाई व्यवस्थित गर्न, वित्तीय प्रणालीलाई आधुनिकरण गर्न र सार्वजनिक वित्त व्यवस्थापनको प्रभावकारिता बढाई वित्तीय जोखिम न्यूनिकरण गर्ने उद्देश्यले सम्बन्धित कार्यालयका लेखा प्रमुखहरूको क्षमता अभिबृद्धिको लागि वित्तीय अनुशासन सम्बन्धी तीन दिने तालिम कार्यक्रम असोज ६, ७ र ८ गते सम्पन्न भयो । प्रतिष्ठानले मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालयसँगको समन्वय तथा पि.एल.जि.एस.पि.को आर्थिक सहयोगमा सञ्चालन गरेको यस तालिमको समुद्घाटन प्रदेश सरकार का प्रमुख सचिव विष्णुप्रसाद नेपालबाट भएको थियो भने प्रदेश सचिव तथा पि.एल.जि.एस.पि.को प्रदेश निर्देशक इन्दु घिमिरे र अन्य प्रदेश सचिवहरू गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक र प्रदेश लेखा नियन्त्रकबाट उद्घाटन शत्रमा सम्बोधन भएको थियो । तालिममा मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय, प्रदेशका ६ वटै मन्त्रालय, प्रदेश सभा, वन निर्देशनालय, स्वास्थ्य निर्देशनालय, पूर्वाधार विकास निर्देशनालय, तथा शिक्षा, कृषि, स्वास्थ्य सम्बन्धी कार्यालयहरू गरी जम्मा १४ कार्यालयका २२ जना अधिकृतस्तरका कर्मचारीहरू सहभागी भएका थिए, जसमध्ये ३ जना महिला सहभागीहरू र बाँकी १९ जना पुरूष सहभागीहरू थिए । प्रदेशका प्रमुख सचिव, मन्त्रालयका सचिव तथा उपसचिव, प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रकको कार्यालय र पोखरा महानगरपालिकामा कार्यरत लेखाका विज्ञहरूलाई यस तालिमको स्रोत व्यक्तिका रूपमा प्रयोग गरिएको थियो ।







वित्तीय अनुशासन, वित्तीय उत्तरदायित्व र जवाफदेहिता, आर्थिक कार्यविधि, सञ्चित कोष व्यवस्थापन, अन्तर सरकार वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँड, आन्तरिक नियन्त्रण प्रणाली, लेखा परीक्षण, बेरूजू फछ्र्यौट जस्ता बिषयवस्तुमा तालिम केन्द्रित थियो । यस तालिमबाट सहभागीहरूको सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान-सीप अभिबृद्धि भई उनीहरूको कार्यदक्षतामा सुधार भई अन्ततः सम्बन्धित कार्यालयमा वित्तीय सुशासन कायम गर्न टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## अवधारणा पत्र तथा पाठ्यक्रमहरू निर्माण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानद्वारा प्रदेश तथा स्थानीय तहका लागि चालु आ.ब.मा संचालन गर्ने तालिम, अभिमुखिकरण र अन्य कार्यक्रमहरूको लागि अवधारणा पत्र, पाठ्यक्रम र परामर्शदाताको लागि कार्यशर्त निर्माण गर्ने कार्य भइरहेका छ । अवधारणा पत्र तथा पाठ्यक्रम तयार गरी प्राथमिकताका आधारमा प्रशिक्षण सञ्चालन गर्ने कार्य भइरहेको छ ।


स्थानीय तहको न्यायिक समिति
सदस्य तथा कर्मचारीका लागि दुई
दिने तालिम कार्यक्रम

अवधारणा पत्र/पाठ्यक्रम
२०७७

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
नदिपुर, पोखरा
गण्डकी प्रदेश, नेपाल

## विविध

**प्रदेश सुशासन केन्द्रको बार्षिक रणनैतिक कार्ययोजना स्वीकृत:** नेपाल सरकारको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत गण्डकी प्रदेशको लागि चालु आ.व.को बार्षिक रणनैतिक कार्ययोजना गण्डकी प्रदेश सरकारबाट स्वीकृत भई यस प्रतिष्ठानमा रहेको प्रदेश सुशासन केन्द्रबाट कार्यन्वयन गर्न प्रतिष्ठानलाई अख्तियारी प्राप्त भएको छ। सोही अनुसार प्रतिष्ठानले चौमासिक कार्ययोजना बनाई कार्यन्वयन भइरहेको छ।

**प्रतिष्ठानको बारेमा अभिमुखिकरण:** प्रतिष्ठानका कर्मचारी र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत प्रदेश सुशासन केन्द्रका कर्मचारीहरूलाई प्रतिष्ठानको संस्थागत परिचय, कार्यसम्पादन मोडालिटी, भावी रणनीति तथा योजनाका बारेमा अभिमुखिकरण गर्ने कार्य सम्पन्न भएको छ।

**पाठ्यक्रम तर्जुमा समिति गठन:** प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गतका तालिम तथा अभिमुखकरण कार्यक्रमहरूको पाठ्यक्रम तयार गरी स्वीकृत गर्ने प्रयोजनको लागि प्रदेश कार्यक्रम निर्देशक (मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव) को संयोजकत्वमा प्रदेश कार्यक्रमका प्रबन्धक (मन्त्रालयका उपसचिव), प्रतिष्ठानका कार्यकारी निर्देशक र उपसचिव सदस्यहरू रहेको एक पाठ्यक्रम तर्जुमा समिति गठन भएको छ। उक्त समितिले तालिम तथा अभिमुखकरण कार्यक्रमहरूको पाठ्यक्रमको खाका एवम् मापदण्ड तोक्ने, गुणस्तर एवम् मापदण्ड सुनिश्चित गरी स्वीकृत गर्ने कार्य गर्दछ। समितिले पहिलो चौमासिकमा एक दर्जन भन्दा बढि तालिम तथा अभिमुखिकरण कार्यक्रमहरूको पाठ्यक्रम निर्माण गरिसकेको छ।

**प्रतिष्ठानको नियमावली तर्जुमा:** गण्डकी प्रदेश सरकारद्धारा प्रतिष्ठानको नियमावली तर्जुमा गरेको छ। गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ को अधिनमा रही उक्त नियमावलीको तर्जुमा गरिएको हो।

**नगर विकास प्रशिक्षण केन्द्र हस्तान्तरण तथा प्राप्ति:** स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान अन्तर्गतको नगर विकास प्रशिक्षण केन्द्रको स्वामित्वमा पोखराको नदिपुरमा रहेको भौतिक सम्पति तथा जिन्सी सामानहरू असोज २२ गते मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई हस्तान्तरण भएको छ भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले केन्द्रमा कार्यरत कर्मचारीहरूलाई अर्को व्यवस्था नभएसम्म कामकाज गर्न यस प्रतिष्ठानमा खटाइ पठाएको छ।

**समन्वय, बैठक तथा छलफल:** प्रतिष्ठान अन्तर्गत प्रदेश सुशासन केन्द्रले पि.एल.जि.एस.पि. को आर्थिक तथा प्राविधिक सहयोगमा स्थानीय तहको आवधिक योजना तर्जुमाको लागि यस गण्डकी प्रदेशका सबै स्थानीय तहहरूको तथ्यांक संकलन गर्ने कार्य सम्पन्न गरेर आवधिक योजना निर्माण गर्न बाँकी रहेका ४२ स्थानीय तहलाई यस आ.व.मा सहयोग र सहजीकरण गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय भएको छ। साथै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजनामा असोज २६ र २९ गते सम्पन्न भर्चुअल बैठकमा ४२ स्थानीय तहहरूसँग छलफल भई आवधिक योजना निर्माण गर्न सहयोग तथा सहजिकरण गर्ने निर्णय भएको छ। स्थानीय तहहरू आफैले नेतृत्व लिएर आवधिक योजना बनाउने गरी स्थानीय तह र प्रतिष्ठान बीच लिखित समझदारी पत्रमा हस्ताक्षर गरेर संकलन गर्ने कार्य भैरहेको छ। यस पश्चात् स्थानीय तहले परामर्शदाता छनौट गरी योजना तर्जुमा कार्य अगाडि बढाउनेछन।

**माननीय मुख्यमन्त्रीबाट कार्यालय निरीक्षण:** मा. मुख्य मन्त्री पृथ्वी सुब्बा गुरुङबाट गत असोज ३० गते नदिपुर स्थित प्रतिष्ठानको कार्यालय निरीक्षण गर्ने कार्य सम्पन्न भएको छ। निरीक्षण गर्ने टोलीमा मा. भौतिक योजना मन्त्री, मा. सामाजिक विकास मन्त्री, प्रदेशका प्रमुख सचिव तथा सचिवहरू लगायतको सहभागिता रहेको थियो।

**विकास साझेदारहरूसँग समन्वय र सहकार्य:** प्रतिष्ठानले फोरम अफ फेडेरेशन, दि एशिया फाउण्डेशन र जाइकासँग दीर्घकालिन सहकार्य एवम् साझेदारीको लागि विभिन्न चरणमा भर्चुअल बैठक तथा छलफल गरेको छ। फोरम अफ फेडेरेशनसँगको समन्वय र सहकार्यमा गत सेप्टेम्बर ३० (अर्थात् असोज १४ गते) "अन्तर सरकार सम्बन्ध" बारेमा अन्तर्राष्ट्रिय अनुभव आदान प्रदान सम्बन्धी भर्चुअल कार्यक्रम सम्पन्न भइसकेको छ। यस्तै किसिमका कार्यक्रमहरू आपसी सहकार्यमा यस आ.व.मा आयोजना गर्ने बारेमा समझदारी भइसकेको छ।

## फोटो फिचर




मा. मुख्यमन्त्रीबाट क्याविनेट प्रस्ताव लेखन तालिमको उद्‌घाटन हुदै।




तालिमको मूल्यांकन र कार्यसम्पादनमा यसको सम्बन्ध बारेमा प्रष्ट्याउदै प्रतिष्ठानका कार्यकारी निर्देशक।



प्रतिष्ठानका कार्यकारी निर्देशक (बाँया) बार्षिक प्रगति प्रतिवेदन मुख्यमन्त्रीज्यूलाई हस्तान्तरण गर्दै।




सेवा प्रवाहमा कोभिड सम्वेदनशीलता सम्बन्धी प्रदेश स्तरीय अभिमुखिकरण भर्चुअल माध्यमबाट हुदै।

